# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बहुअरी पिढरी, पर्सा
मधेश प्रदेश, नेपाल

पत्र संख्या :-२०८३/०८४
च.नं. :- ३५८

मिति : २०८३/०६/२७

**सार्वजनिक सुचना !!!**

श्री विषयगत शाखाहरु सबै,
श्री वडा कार्यालयहरु सबै,
श्री सरोकावाला सबै,
बहुदरमाई नगरपालिका, पर्सा ।

प्रस्तुत विषयमा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम बहुदरमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पर्साको मिति २०८३/०६/२३ गतेको बैठकबाट पारित भएको बहुदरमाई नगरपालिकाको “धर्म संस्कृति संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३” सरोकारवालाहरुलाई जानकारीको लागि अनुरोध छ ।

..................
रमेश अधिकारी
(प्रमुख प्रशासकीय अधिकृत)

रमेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत
(उप-सचिव)

# बहुदरमाई नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड : ८** | **संख्या : १** | **मिति : २०८३/०६/२६**

## भाग - २
## बहुदरमाई नगरपालिका

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम बहुदरमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय पर्साको मिति २०८३/०६/२३ गतेको बैठकबाट पारित भएको बहुदरमाई नगरपालिकाको **"धर्म संस्कृति संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३"** सर्वसाधारणको जानकारीका लागि स्थानीय सरकार संचालन ऐन २०७४,को दफा १०२ को उपदफा ३ बमोजिम प्रकाशन गरिएको छ ।

आज्ञाले,
रमेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

## धर्म संस्कृति संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

नगर कार्यपालिकाको निर्णय मिति २०८३।०६।२३
प्रमाणिकरण मिति २०८३।०६।२३

बहुदरमाई नगरपालिका क्षेत्रभित्र परम्परागत रूपमा मनाईंदै आएका विभिन्न धार्मिक तथा सांस्कृतिक चाडपर्वहरू (दुर्गा पूजा, दीपावली, छठ पर्व, होली, ईद, मेला आदि) पर्वको अवसरमा आयोजना हुने मेला, सांस्कृतिक कार्यक्रम तथा सामाजिक भेलाहरूलाई व्यवस्थित गर्न, सामाजिक सद्भाव कायम राख्न, सार्वजनिक सुरक्षा सुनिश्चित गर्न र नगरपालिकाको तर्फबाट उपलब्ध गराइने सहयोग तथा समन्वयलाई पारदर्शी बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिकार प्रयोग गरी बहुदरमाई नगरपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १: प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

1) यस कार्यविधिको नाम "धर्म संस्कृति संरक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" रहनेछ।
2) यो कार्यविधि बहुदरमाई नगरपालिका क्षेत्रभित्र स्वीकृत भएको मितिदेखि तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

1) "नगरपालिका" भन्नाले बहुदरमाई नगरपालिका सम्झनु पर्छ।
2) "नगर कार्यपालिका" भन्नाले बहुदरमाई नगर कार्यपालिका सम्झनु पर्छ।
3) "समिति" भन्नाले वडा समिति सम्झनु पर्छ।
4) "कार्यक्रम" भन्नाले दुर्गा पूजा, छठ पर्व , ईद, बहुदरमाई मेला, कत्पुतारीयामाई मेला र महाबीरी झण्डा मेला लगायतका पर्वहरूमा गरिने सार्वजनिक सांस्कृतिक कार्यक्रमलाई सम्झनु पर्छ।

### परिच्छेद २: दुर्गा पुजा, छठ पुजा र ईद पर्व खर्च व्यवस्थापन सञ्चालन

३. (१) धर्म संस्कृति चाडपर्व र मेला व्यवस्थापन खर्च :

क) बहुदरमाई नगरपालिकाको आ.व.२०८३/०८४ को नगरासभा बाट स्वीकृत बार्षिक योजना तथा कार्यक्रम अन्तरगत धर्म संस्कृति पर्व संरक्षण एवं प्रवर्दन गर्न तपसिल बमोजिमका वडा तथा नगर स्तरीय वजेट बिनियोजन भएको छ

| वडा नम्बर | शिर्षक | वजेट रकम |
|---|---|---|
| ०१ | दुर्गा पुजा,छठ पुजा र ईद पर्व व्यवस्थापन कार्य | ६,००,०००।०० |
| ०२ | धर्म संस्कृति चाडपर्व कार्यकम संचालन | २,००,०००।०० |
| ०३ | र्धम संस्कृति प्रर्वधन कार्यकम | ३,००,०००।०० |
| ०४ | चाड पर्व तथा धर्म संस्कृति | ४,००,०००।०० |
| ०५ | धर्म संस्कृति प्रर्वधन तथा संरक्षण कार्य | ३,००,०००।०० |
| ०६ | धर्म संस्कृति प्रर्वधन तथा संरक्षण कार्य | ३,००,०००।०० |
| ०७ | दुर्गा पूजा,दिपावली,छठ तथा इद | ४,००,०००।०० |
| ०८ | धर्म संस्कृति चाडपर्व संरक्षण तथा प्रवर्द्धन | ३,००,०००।०० |
| ०९ | दशैं,दुर्गा पूजा,दिपावली र छठ पूवा व्यवस्थापन | १,५०,०००।०० |
| प्रमुख | दुर्गापुजा,तिहार,छठ,होली पर्व,,दिवस,समारोह व्यवस्थापन | १०,००,०००।०० |
| उपप्रमुख | र्धम संस्कृति प्रर्वधन कार्यकम | ३,००,०००।०० |
| ०४ | मेला व्यवस्थापन कार्य | ४,००,०००।०० |
| ०६ | कत्पुतरीयामाई मेला व्यवस्थापन कार्य | ३,००,०००।०० |

ख) स्वीकृत वजेट भित्र रही वडा स्तरीय धर्म संस्कृति कार्यक्रमको लागी बिस्तृत आर्थिक प्रस्तावना तयार गरी वडा सचिव र वडा अध्यक्षले प्रमाणित गरी पेश गर्नु पर्नेछ

ग) यस कार्यविधि बमोजिम तयार भएको आर्थिक प्रस्तावनामा उल्लेख बाहेक अरु शिर्षकमा खर्च गर्न पाईने छैन

घ) आर्थिक प्रस्तावना बमोजिम पेश्की रकम नगर प्रमुखबाट प्रस्त्वाना स्वीकृत भे पछी दिईनेछ ।

ङ) वडाको हकमा वडा अध्यक्ष वा वडा सचिवलाई प्रस्तावना बमोजिम ७०% सम्म पेश्की वा कार्यक्रम सम्पन्न भए पश्चात भुतानी उपलब्ध गराईने छ ।

च) नगरपालिकाको हकमा नगर प्रमुख/उप प्रमुख वा जिम्मेवार कर्मचारीलाई प्रस्तावना बमोजिम ७०% सम्म पेश्की उपलब्ध गराईने छ ।साथै बाकी रकम पेश्की फर्छौट र निकाशा भएपछी भुत्तानी दिईनेछ ।

सिंगासन सा तेली
नगर प्रमुख

छ) कार्यक्रम सम्पन्न भए पश्चात निर्णयको प्रतिलिपि सहित बिल, भर्पाई,फोटोहरु प्रमाणित वडाको हकमा वडा अध्यक्ष र नगरपालिकाको हकमा नगर प्रमुख/उप प्रमुखलेलागौं गरी पेश्की फर्छौटको लागि पेश गर्नु पर्नेछ ।

४. धर्म संस्कृति चाडपर्व र मेला व्यवस्थापनको काम, कर्तव्य र अधिकार:

क) कार्यक्रमको प्रस्तावना बमोजिम खर्च गर्ने।

ख) शान्ति सुरक्षा कायम गर्न स्थानीय प्रशासन र प्रहरीसँग आवश्यक समन्वय गर्ने।

ग) महिला सहभागिता सुनिश्चित हुने गरी स्थानीय स्वयंसेवक परिचालन गर्ने।

घ) ध्वनि प्रदूषण मापदण्ड पालना: राति १० बजेपछि माइक बन्द गर्ने, वातावरण प्रदूषण नगर्ने, मूर्ति विसर्जन तोकिएको स्थानमा मात्र गर्ने र सुरक्षा मापदण्ड पालना गर्ने ।

ङ) खर्चको विवरण अनिर्वाय सार्वजनिक स्थानमा सार्वजनिक गर्ने ।

च) धर्म संस्कृति चाडपर्व र मेला व्यवस्थापन कार्यक्रम नगर प्रमुखले स्वीकृत गरेपछि प्रमुख प्रशासकीय अधिकृत वा कर्मचारीले कार्यान्वन गर्ने ।

५. जिम्मेवारी र जवाफदेहिता

क) धर्म संस्कृति चाडपर्व र मेला व्यवस्थापन भएको सम्पूर्ण खर्चको प्रक्रियाम, प्रमाण तथा त्यसको औचित्यको सम्पूर्ण जिम्मेवार र जवाफदेहिता वडा को हकमा वडा अध्यक्ष/ वडा सचिव र नगरपालिकाको हकमा नगर प्रमुख/नगर उप प्रमुख/जिम्मेवार कर्मचारी हुनेछ ।

ख) धर्म संस्कृति चाडपर्व र मेला व्यवस्थापन गर्ने कार्य कानुन बमोजिम खर्च गर्नुपर्ने जिम्मेवारी सम्बन्धित जनप्रतिनिधि र कर्मचारी हुनेछ ।

ग) कानुन बमोजिम भ्याट बिलमा १.५% र प्यान बिल, भर्पाई प्राप्त भएको खण्डमा एकमुष्ठ १५% कर कट्टा गरिनेछ ।

घ) उत कार्यक्रम संचानानार्थ पेस्की लिनका लागि कुनै कर्मचारीलाई बाध्य पारिने छैन ।

६. आर्थिक पारदर्शीता :

कार्यक्रम सम्पन्न भएको ३० दिनभित्र प्रमाणित विवरण (बिल भर्पाइ सहित) नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश्की फर्छौंत/भुक्तानीको लागि पेस गर्नुपर्ने छ । साथै धर्म संस्कृति चाडपर्व र मेला व्यवस्थापन कार्यमा भएको सम्पूर्ण खर्च नगर कार्यपालिका बैठकमा छलफल गर्नु पर्ने छ ।

७. बिबिध

(१) यस कार्यविधिको व्यवस्था कार्यान्वनमा कुनै बिबाद उतपन्न भएमा नगर प्रमुखको निर्णय अन्तिम हुनेछ ।